




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ६ गते शुक्रबार ❑ 19 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## सत्रबुँदे प्रस्ताव पारित गर्दै भेला सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

नेकपा (एमाले) झलनाथ-माधव समूहको राष्ट्रिय कार्यकर्ता भेलाले पार्टी एकतालाई जोगाउनुपर्ने लगायतमा विभिन्न सत्रबुँदे प्रस्ताव पारित गरेको छ।

उक्त समूहको यही चैत ४ र ५ गते सम्पन्न भएको राष्ट्रिय कार्यकर्ता भेलाले एकता जोगाउनुपर्ने माग गरेको छ। पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई विधिअनुरुप बैठक बोलाउनसमेत माग गरिएको छ। "सर्वोच्चअदालतकोफैसलाअनुरुप नेकपा (माओवादी केन्द्र) सँगको एकीकरणपूर्वको पार्टीको सङ्गठनात्मक स्थितिलाई स्वीकार गरी गत फागुन २८ गते सरकारी निवास बालुवाटारमा गरिएका निर्णय रद्द गरी क्रमशः पार्टी स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटीको बैठक बोलाई विधि र पद्धतिसम्मत छलफल गर्न यो भेला जोडदार माग गर्दछ", प्रस्तावमा भनिएको छ। प्रस्तावमा सर्वोच्च अदालतले गत फागुन २३ गते नेपाल कम्युनिष्ट पार्टीको दर्ता खारेज गर्नाका साथै नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पूर्ववत् स्थितिमा रहने फैसला गरेपछि नेकपा (एमाले) का सबै कमिटी, सम्बद्ध जनसङ्गठन र पेशागत सङ्गठनलगायत सबै संरचना उक्त दुई कम्युनिष्ट पार्टीको एकीकरणपूर्वको स्थितिबाट विधिसम्मत सञ्चालन र क्रियाशील तुल्याउनु कानूनसम्मत र पद्धतिसम्मत हुने उल्लेख छ। यसरी पार्टीलाई विधान, विधि र पद्धतिअनुरुप सञ्चालन गरेर मात्र नेपालको कम्युनिष्ट आन्दोलनलाई जोगाउन सकिने भेलाको निष्कर्ष छ। सर्वोच्च अदातलको फैसलामा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का बीच

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रपति र प्रधानमन्त्रीले संविधानको दुरुपयोग गरे : युवा नेता थापा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ५ चैत**

नेपाली काँग्रेसका युवा नेता तथा केन्द्रीय सदस्य सांसद गगनकुमार थापाले प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान भत्काउन चाहेको आरोप लगाएका छन्। स्याङ्जाको भीरकोट नगरपालिका स्थित बयरघारीमा नेपाल तरुणदल भीरकोट नगर समितिले आयोजना गरेको विशाल आमसभालाई सम्बोधन गर्दै काँग्रेसका युवा नेता थापाले प्रधानमन्त्री बरालिएको संज्ञा दिएका हुन्।



प्रधानमन्त्री ओलीको मति र गति ठिक नभएको आरोप लगाउदै संविधान भत्काउने खेलमा लागेको आरोप थापाको थियो। दुईतिहाई मत दिएर नेकपाको सरकार चलाउन दिएको म्याण्डेड नेकपा भित्रकै किचलोका कारण देशलाई दुर्घट्नामा धकेल्ने प्रधानमन्त्री ओली संसदमा छलफल नहोस भन्ने चाहाना रहेको थापाले जिकिर गरे। देशलाई समाल्ने जिम्मेवारी फेरी काँग्रेसको काधमा आएको भन्दै पूर्व स्वास्थ्य मन्त्री समेत रहेका थापाले कम्युनिष्टहरु निर्वाचन गराउन नसक्ने भएकाले अब चुनावी सरकार काँग्रेसकै नेतृत्वमा हुने बताए। आफ्नै पार्टीका नेता प्रचण्ड र माधव नेपाललाई हेप्दा–हेप्दा दुस्साहस बढेर संविधान र संसदलाई हेप्न थालेको थापाको भनाई छ। आफैले सनकका भरमा भङ्ग गरेको संसद अदालतले व्युताईदिए पनि संसदमा छलफल गर्न नसक्ने प्रधानमन्त्रीलाई अब घर पठाउने दिन आएको थापाले बताए। संवैधानिक आयोग ओली आयोग भएको जिकिर गर्दै निर्वाचन आयोग र अख्तियार आयोग स्वतन्त्ररुपले काम गर्न सक्ने वातावरणमा बन्देज लगाउने प्रधानमन्त्री ओली आफुलाई शासक भएको देखाउन चाहेको थापाले बताए।

देशलाई मागेर खाने अबस्थामा यो सरकारले पुऱ्याएको बताउदै अब काँग्रेसले मागेर होइन कारोवार गर्ने देश बनाउने थापाले दावी गरे। जनताको शासक बन्ने प्रधानमन्त्री हाम्रो देशले खोजेको होइन नेता थापाले भने,'जनता सगँ डराउने प्रधानमन्त्री देशले चाहेको हो शासक होइन।' सनक चल्यो भन्यो जे पनि गर्न खोज्ने प्रधधानमन्त्रीलाई अब घर पठाउने हो थापाले भने। लामो समय प्रधानमन्त्री ओली प्रति लक्षित राखेर गाली गरेका थापाले माओवादी केन्द्रंका अध्यक्ष प्रचण्ड र नेकपा एमालेका नेता माधव नेपाललाई पनि कटाक्ष प्रयोग गरे। आफैभित्र भगबण्डा मिलाउन नसकेर देशलाई दुर्घट्नामा धकेल्ने दुई नेताले पनि जिम्मेवारी लिनुपर्ने जिकिर गरे। राष्ट्रपति विद्यादेवी भण्डारी देशको राष्ट्रपति नभएको बताउदै थापाले राष्ट्रपति केपी गुटको प्रवक्ता भएको बताए। राष्ट्रपति देशको अभिभावक हो थापाले भने,'बरालिएका प्रधानमन्त्रीले जे पठायो त्यही सदर गरिदिने भण्डारीलाई कसरी राष्ट्रपति मान्ने।' देशलाई संकट निम्ताउने राष्ट्रपतिको अदुरदर्शीता पनि देशका घातक हो उनले भने।

कार्यक्रममा नेपाल तरुणदलका केन्द्रीय अध्यक्ष जितजंङ बस्नेतले देशलाई संकट पर्दा तरुणदलले काध थाप्ने गरेको बताए। कोरोना संक्रमणका बेला सरकारले जनताको समस्या र आवश्यकता भन्दा पनि कसरी भष्ट्रचार गर्न सकिन्छ भन्ने तर्फ लागेको आरोप बस्नेतको थियो। काँग्रेस इतिहास बोकेको पाटी भएकाले जब–जब मुलुकमा अफठ्यारो पर्छ काँग्रेसले नेतृत्व लिएर समालेको इतिहास सम्झदै बस्नेतले फेरी संकटमा परेको मुलुकलाई काँग्रेसले सम्हाल्ने दिन आएको बताए।

कार्यक्रममा नेपाली काँग्रेसका कार्यबहाक सभापति कुमार राना, संविधानसभाका सदस्य राजु थापा, पुर्व पाटी सभापति शंकर पाण्डे, गण्डकी प्रदेश सांसद मेखलाल श्रेष्ठ, भागवत प्रकाश मल्ल, नेपाल महिला संघका केन्द्रीय उपाध्यक्ष सरस्वती तिवारी, महासमिति सदस्य भोजराज अर्याल, नेपाल विद्यार्थी संघका महामन्त्रीद्धय बलदेव तिमिल्सिना, युवराज पाण्डे, नेपाल शिक्षक संघका केन्द्रीय उपाध्यक्ष भरत लम्साल, तरुणदल क्षेत्रीय अध्यक्ष दिपेन्द्र केसी, महेश भट्टराई, कुमबहादुर गुरुङ र जिल्ला सदस्य तारा अर्याल लगायतका बक्ताहरुले गुट उपगुटको राजनीतिबाट काँग्रेस बाहिर निस्केर कम्युनिष्टहरुलाई परास्त गर्नुपर्ने बताएका थिए।

तरुणदल भीरकोट नगर समितिका अध्यक्ष राजकुमार गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन प्रसुन मगर र प्रविन विक्रम खाँणले गरेका थिए भने धन्यवाद नेपाली काँग्रेस भीरकोट नगर सभापति तोयनाथ अर्यालले गरेका थिए।

## 'अधिकार खोज्नुस्, न्याय पाउनुहुन्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

न्याय प्रणाली खर्चिलो र झन्झटिलो हुँदा कानूनमा सिमान्तकृत वर्गको पहुँच पुग्न नसकेको पोखरामा आयोजित एक कार्यक्रमका सहभागीले बताएका छन्।



उच्च अदालत पोखराद्वारा कोभिड-१९ र न्यायमा पहुँचको स्थितिबारे सीमान्तकृत वर्ग, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी एवं सञ्चारकर्मीसँग सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधानको उपस्थितिमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सहभागीले संविधानले हरेक नागरिकको अधिकार प्रदान गरे पनि व्यावहारिक रुपमा सिमान्तकृत वर्ग न्यायको पहुँचबाट टाढा भएको गुनासो गरेका हुन्। न्यायका लागि जाँदा खर्चिलो र झण्झटिलो हुनुका साथै पीडकले नाम चलेका वकिल राखेर बहस गर्दा पीडित मानसिक रुपमा पराजयको अनुभूति गरेर खुम्चिनु परेको दृष्टान्त सहभागीले सुनाएका थिए। गैसस महासङ्घ गण्डकीका अध्यक्ष बिना सिलवालले न्याय छिटोछरितो र प्रभावकारी हुन नसक्दा हिंसापीडित महिलाले न्यायको अनुभूति गर्न नपाएको बताइन। उनले महिला तथा बालबालिकाका सम्बन्धमा ९० दिनभित्र फैसला हुनुपर्छ भनिए पनि न्याय प्राप्तिमा निकै ढिलाइ हुने गरेको अनुभव राखिन। आमाको नामबाट नागरिकता दिन आनाकानी गर्दा चार पुस्तासम्म नागरिकताविहीन भएको अवस्थालाई उजागार गर्दै आफ्नै देशमा आम नागरिक भएर बस्नुपर्ने अवस्थाले महिला झनै पीडित हुनुपरेको उनको भनाइ थियो। उनले

बाँकी अन्तिम पृष्ठमा ▶▶

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

## पोखरामा पनि आयो डिडिसि

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

यस अघि पटक पटक पोखरामा दुग्ध विकास संस्थान (डिडिसि) ल्याउन खोज्दा केही निजी क्षेत्रले बिरोध गरेकोले डिडिसि पछि हटे पनि अन्ततः डिडिसिले आफ्नो शाखा पोखरामा विस्तार गरी छाडेको छ।

पोखरेलीको माग अनुसार हाल डिडिसिको उत्पादन मात्र बिक्रि गर्ने उद्धेश्यले पोखरको सृजनाचोकमा शाखा विस्तार गरिएको डिडिसि पोखरा कार्यालयका प्रमुख हरीराम पौडेलले बताए। एक समारोहका बिच विहिबार गण्डकी प्रदेशको भूमि व्यवबस्थापन कृषि तथा सहकारी मन्त्रालयका सचिव सबनम सिवाकोटी(अर्याल), दुग्ध विकास संस्थानका महाप्रबन्धक रुद्र प्रसाद पौडेलले संयुत्त रुपमा पोखराको सृजनाचोकमा रहेको शाखा कार्यालयको उद्घाटन गरेका हुन्। कार्यक्रममा बोल्दै उनीहरुले डिडिसिले आफ्नो ब्राण्डको सुाख जोगाउन पोखरेलीहरु माझ पनि गुणस्तरमा उत्तिकै चनाखो हुन आग्रह गरे।

डिडिसिले उत्पादन गरेको दुध र दुध जन्य बस्तु पोखरामा पनि बिक्रि वितरण सुरु भएको प्रमुख पौडेलले जनाए। गण्डकी प्रदेशको राजधानि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## व्यवसाय दर्ता सरल बनाऊः व्यवसायीहरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

उद्योग/व्यवसाय दर्ता र बन्द गर्ने प्रावधानहरु सरल हुनुपर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन्। उनीहरुले यी कामहरु एकद्धार प्रणालीमार्फत् हुनुपर्ने माग पनि गरेका छन्।



उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशअन्तर्गतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आयोजना एवं पोखरा उद्योग वाणिज्य संघको समन्वयमा बिहीबार पोखरामा आयोजना भएको उद्योग व्यवसायको दर्ता नविकरण खारेजसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै व्यवसायीहरुले सो माग गरेका हुन्।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले उद्योग/व्यवसाय दर्ता र खारेज गर्दा राखिएका बाध्यकारी प्रावधानहरुलाई सरल बनाउनु पर्ने माग गरे। उनले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय नहुँदा व्यवसायीहरु दोहोरो करको मारमा पर्ने गरेको पनि जिकिर गरे।

'व्यवसायीहरु कर तिर्न र आफ्नो व्यवसाय दर्तालगायत खातापाता चुस्त-दुरुस्त राख्न चाहन्छन्', उनले भने, 'तर,यसको लागि बाध्यकारी नियमहरु बाधक छन्।' व्यवसाय दर्ताको लागि अनिवार्य घर भाडामा लिएको सम्झौतापत्र चाहिने, एउटा कार्यालयबाट अर्को कार्यालयमा जाँदा नयाँ प्रक्रिया सुरु गर्नुपर्नेजस्ता विषयहरुमा सुधार गरिए धेरैभन्दा धेरै व्यवसायीलाई करको दायरामा ल्याउन सकिने पनि उनले सुझाए। उनले पोखरा उद्योग वाणिज्य संघ गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सहकार्य गर्न तयार रहेको पनि बताए। गण्डकी प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक नारायण आचार्यका अनुसार हाल गण्डकीमा ४५ हजार २९ वटा साना व्यवसाय मात्र वैधानिक रुपले दर्ता भएका छन्। गण्डकीमा दर्ता भएका ठूला तथा मझौला उद्योग/व्यवसायको संख्या ७५४ रहेको छ। उनका अनुसार औद्योगिक व्यवस्थापन नियमावली २०७६ अनुसार उद्योग दर्ता गर्ने निकाय संघ सरकारको उद्योग विभाग र प्रदेश मातहतको घरेलु तथा साना उद्योग कार्यालय नै हो। स्थानीय तहलाई उद्योग दर्ताको अधिकार छैन। स्थानीय निकायहरुले बजार व्यवस्थापन भने गर्न सक्छन्। निर्देशक आचार्यले अहिले पनि गण्डकी क्षेत्रमा धेरै व्यवसाय दर्ता नभएको बताउँदै प्रदेश सरकारले बनाएको औद्योगिक व्यवसाय ऐन २०७५ कार्यान्वयनमा आउनासाथ दर्ता प्रक्रिया सुरु गरिने जानकारी दिए। संघ सरकारले बनाएको औद्योगिक व्यवसाय ऐन २०७६ सँग बाझिएकोले प्रदेशले आफ्नो ऐन कार्यान्वयनमा ल्याउन नसकेको हो। उनले आउँदो आर्थिक वर्षमा कम्पनी रजिष्टारको कार्यालय र गुणस्तर नाप्ने प्रयोगशाला संचालनमा आउने जानकारी पनि दिए। कार्यक्रममा बोल्दै घरेलु तथा साना उद्योग कार्यालय पोखराका प्रमुख दिनेशप्रसाद आचार्यले घरेलु कार्यालयले वाणिज्यको २ करोडसम्म र उद्योगतर्फ १० करोड पूँजी भएको फर्म घरेलुमै दर्ता गर्न सकिने जानकारी गराए। उनका अनुसार आयात-निर्यात व्यवसाय दर्ताको अधिकार संघ सरकारसँग मात्रै रहेको छ भने साना व्यवसायहरु प्रदेशमै दर्ता गर्नुपर्छ। उनले पनि स्थानीय तहले व्यवसाय दर्ता गर्न नपाउने प्रष्ट पारे। यद्यपि, केही स्थानीय तह आफैले व्यवसाय दर्ता गर्ने गरेको भने उनले स्वीकारे। उनका अनसार घरेलुमा दर्ता गर्नको लागि थोक व्यापारको हकमा ६० लाख रुपैयाँ पूँजी अनिवार्य गरिएको छ। फेन्सी चलाउने भए १० लाख पूँजी चाहिन्छ। व्यवसायीहरुले चाहँदा व्यवसायको पूँजी घटाउन पाउनुपर्ने माग सुनेपछि उनले भने,' नीति नियममा केही अप्ठेराहरु छन्।' उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकृत प्रदीपकुमार रेग्मीले व्यवसाय मैत्री नभएका ऐन- कानून सच्याउन निजी क्षेत्रले नै पहल गर्नुपर्ने बताए।




# वनको आम्दानी कुवा, पोखरी संरक्षणमा लगानी

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

पोखरा महानगरपालिका-११ काहुँस्थित धारापानी सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्रभित्रका पानीका स्रोतको संरक्षणका साथै पँधेरा र पोखरी निर्माण गरेको छ।

घरघरमा पानीका धारा पुगेसँगै सङ्कटमा परेका परम्परागत रूपका खानेपानीका स्रोतबाट वन क्षेत्रको हरियाली प्रवर्द्धन गर्नुका साथै जङ्गली जनावरलाई समेत खानेपानीको सुविधा पुर्‍याउने लक्ष्यका साथ पँधेरा संरक्षण तथा पोखरी निर्माण गरिएको हो।

जङ्गलको बीच भागमा रहेका धारापानी र रोटेपानीस्थित पानीका स्रोतमा चालु आर्थिक वर्षमा रु एक लाख ३५ हजारको लागतमा कुवा र पोखरी निर्माण सम्पन्न भएको छ भने टुनेपानी स्रोतको पनि संरक्षण गरिने वन उपभोक्ता समूहका अध्यक्ष कुमारबहादुर क्षेत्रीले जानकारी दिए। डिभिजन वन कार्यालय कास्कीबाट पोखरी निर्माण परियोजनाका लागि रु एक लाख ४५ हजार आर्थिक सहयोग भएको थियो। उक्त वन विसं २०७१ मा जिल्लामा द्वितीय स्थान हासिल गरी पुरस्कृतसमेत भएको समूहको साधारणसभामा जानकारी गराइएको थियो । सुक्खायाममा जङ्गलमा लाग्ने गरेको डढेलोबाट जोगाउनका लागि अग्निरेखा निर्माण गरिएको बताउँदै अध्यक्ष क्षेत्रीले वन सिमानालाई समेटेर नागबेली आकारमा निर्मित सो रेखालाई साइकलमार्गको रूपमा समेत विकास गरिने सोच रहेको बताए।

“अग्निरेखाले डढेलोबाट सामुदायिक वनलाई जोगाउनुका साथै हराभरा जङ्गलभित्र साइकल चलाउन सकिने हुँदा आन्तरिक एवं बाह्य पर्यटकको छुट्टै नवीनतम गन्तव्य बन्ने छ”, उनले भने, “यसबाट सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्नुका साथै आयआर्जनमा समेत टेवा पुग्ने विश्वास समूहले लिएको छ ।” कूल २६ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त सामुदायिक वनमा १०० घरधुरी उपभोक्ता आबद्ध रहेका छन् । वनको संरक्षणका लागि वार्षिक रु ४५ हजारमा हेरालुको समेत व्यवस्था गरिएको समूहका सचिव इन्द्रबहादुर खत्रीले जानकारी दिए । उनका अनुसार प्रत्येक वर्ष एक पटक वन गोडमेल गर्दा आएको दाउरा हार लगाइन्छ, गोडमेलको अन्तिम दिन गोला तानी वन पैदावार वितरण गर्नुका साथै उक्त दिन रमाइलो वनभोज कार्यक्रमको समेत आयोजना गरिन्छ। यस वर्ष अग्निरेखा सरसफाइमा रु १० हजार खर्च भएको थियो । समूहका कोषाध्यक्ष तुलसी धितालका अनुसार वन पैदावार बिक्रीबाट खासै आम्दानी नभए पनि पर्यटकीय क्षेत्र काहुँ धरहरामा निर्माण गरी सञ्चालनमा आएको धरहरा रेष्टुराँबाट भाडाबापत वार्षिक रु ७२ हजार आम्दानी हुने गरेको छ। प्रत्येक वर्ष १० प्रतिशतका दरले भाडा वृद्धि गरिने सम्झौतामा उल्लेख छ।

आव २०७७ साउनदेखि फागुन महिनासम्म रु छ लाख १३ हजार २६५ बराबरको आयव्यय साधारणसभामा प्रस्तुत गर्दै उनले यस वर्ष वन गोडानीमा रु ७८ हजार खर्च भएको र दाउरा बिक्रीबाट रु छ हजार आम्दानी भएको उल्लेख गरे। पर्यटकीय नगरी पोखराबाट सबैभन्दा नजिक लालीगुराँस फुलेको रमणीय दृश्य देख्न सकिने सो सामुदायिक वन क्षेत्रमा अवस्थित काहुँधरहराबाट वातावरणमैत्री हरिया पहाडका साथै अन्नपूर्ण, माछापुच्छ्रे हिमशृङ्खला र पोखरा बजारको समेत मनमोहक दृश्यावलोकन गर्न सकिने छ। उक्त रमणीयस्थलमा यतिखेर वनभोज खाने समूहसँग दैनिक सयौँको सङ्ख्यामा आन्तरिक पर्यटक जाने गरेका छन् । वन समूहको साधारणसभामा पोखरा-११ का वडासदस्य मीनबहादुर गुरुङ, समाजसेवी लोकबहादुर गुरुङ काहुँधरहरा संरक्षण समितिका अध्यक्ष सुवेदार इन्द्रबहादुर गुरुङलगायतले खाली स्थानमा आयआर्जन गर्ने खालका वृक्षरोपण गरी हराभरा बनाउनुका साथै पर्यटकीय क्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गरी महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । वनको संरक्षण, संवर्द्धन र उपयोग गर्दै आएका उपभोक्ताले पछिल्लो समय सम्भाव्यता अध्ययनका आधारमा सामुदायिक वन उपभोक्ता महासङ्घको ‘एक वन एक उद्यम’ सञ्चालन गर्ने अवधारणाअनुसार वनलाई आयआर्जन तथा रोजगारको माध्यम बनाउने कार्यमा जोड दिँदै आएका छन्।

# यही चैत ११ देखि १४ गतेसम्म पोखरामा विद्यालय स्तरीय भलिबल प्रतियोगिता हुने

**विनय पौडेल**
**पोखरा, ५ चैत**



पोखरामा यही चैत ११ देखि १४ गतेसम्म तेश्रो सिर्जना कप कास्की जिल्ला सामुदायिक बिद्यालय स्तरिय छात्र/छात्रा भलिबल प्रतियोगिता हुने भएको छ।

पोखराको सृजना विकास केन्द्र र कास्की जिल्ला भलिवल संघको आयोजनामा पोखरा रंगशालाको भलिवल ट्रेनिङ सेन्टरमा उत्त प्रतियोगिता हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । “स्वास्थ्यको लागि खेलकुद,राष्ट्रका लागि खेलकुद” भन्ने मुल नाराका साथ आयोजना हुने प्रतियोगितामा करिब ५० टिमको सहभागिता हुने आफुहरुले अपेक्षा गरेको संघका अध्यक्ष भिम पराजुलीले बताए । लुकेर रहेका प्रतिभाको प्रतिभा उजागर हुने र यसबाट राम्रा खेलाडी उत्पादन हुने एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन हुने आफुहरुले विश्वास लिएको उनले जनाए । प्रतियोगिताका बिजेता छात्र तथा छात्राको टिमलाई जनही ७०/७० हजार, उपबिजेतालाई जनही ३५/३५ हजार र तेश्रो हुनेलाई २०/२० हजारको साथमा शिल्ड, मेडलप्रमाण पत्र वितरण गरिने भएको पराजुलीले बताए । प्रतियोगितामा उत्कृष्ट हुने छात्र/छात्रालाई जनही ५/५ हजार प्रदान गरिने भएको केन्द्रका अध्यक्ष इन्द्र पौडेलले बताए। प्रतियोगिता सम्पन्न करिब १० लाख खर्च लाग्ने भएको उनले जनाए । नेपालको राष्ट्रिय खेल भलिवल भएकोले भलिवल खेलको प्रबर्द्धन गर्न केन्द्रले सहयोग गर्दै आएको अध्यक्ष पौडेलले जनाए। कक्षा १२ सम्मका बिद्यार्थीहरुले सहभागिता गराउन पाउने उत्त प्रतियोगितामा उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडीहरुलाई छनौट गरी उनीहरुको खेल जीवनमा आवश्यक सहयोग गर्ने भएको संघले जनाएको छ। पोखराको भलिवल ट्रेनिङ सेन्टरमा थप प्यारापिट आवश्यक परेकोले त्यसको लागि आवश्यक पहल गर्ने राखेप सदस्य राजेश गुरुङले बताए । गण्डकी प्रदेशको महिला भलिवलको टिम समेत तयार पार्न व्यक्तिगत रुपमा समेत सहयोग गर्ने उनले जनाए। केन्द्रले स्थापनाकाल देखि महिला बालबालिका, शिक्षा,स्वास्थ्य,खेलकुद लगायतको क्षेत्रमा काम गर्दै आएको केन्द्रका महासचिव चन्द्र गिरीले बताए।

# लुम्लेमा प्रविण गुरुङको स्मृतिमा सप्ताहव्यापी कार्यक्रम हुँदै

**मिना पौडेल**
**पोखरा, ५ चैत**

लोक गायक स्वः प्रविण गुरुङको स्मृतिमा उनको जन्म गाउँ अन्नपूर्ण-६ लुम्लेमा सप्ताहव्यापी कार्यक्रम हुने भएको छ।

गाउँपालिकाको आयोजनामा हुने उक्त कार्यक्रम यहि चैत १५ गतेदेखि २१ गतेसम्म हुनेछ। कार्यक्रम अन्तर्गत खुल्ला दोहोरी गीत प्रतियोगिता, स्रष्टा सम्मान, दोस्रो गाउँ स्तरीय पुरुष भलिवल प्रतियोगिता (सुनगाभा कप २०७७), लेकाली व्याडको लाइभ कन्सर्ट साथमा विविध सांस्कृतिक कार्यक्रम गर्ने तयारी भइरहेको व्यवस्थापन समितिमा सचिव राजु गुरुङले जानकारी दिए।

लोकदोहोरी कार्यक्रमको व्यवस्थापन लुम्ले स्थित रिनी म्यू समाज तथा खेलकुद कार्यक्रमको




संयोजन स्थानीय सुनगाभा युवा क्लवले गरिरहेका छन् । दोहोरीतर्फ प्रथम हुने समूहले रु.२० हजार, द्वितीयले रु.१५ हजार, तृतीयले १० हजार तथा सान्त्वनालाई रु.६ हजार साथमा प्रमाणपत्र पुरस्कारको व्यवस्था गरिएको छ । त्यस्तै भलिवलमा प्रथम रु.५० हजार ५ सय ५०, द्वितीय ३० हजार ५ सय ५०, तृतीय १५ हजार ५ सय ५० र सान्त्वना रु. ५ हजार साथमा मेडल र प्रमाणपत्र पुरस्कार दिइने छ। त्यस्तै वेष्ट प्लेयर, ब्लकर र सर्भिसलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको भलिवल संयोजक रोहित गुरुङले बताए । स्वः प्रविण गुरुङ स्मृति प्रतिष्ठान गठन गर्ने, गुरुङको शालिकको संरक्षण र व्यवस्थापन गर्ने, स्वदेश तथा विदेशमा गुरुङलाई चिनाउने मुल उद्देश्य राखी कार्यक्रम गर्न लागिएको हो। वि.स २०१८ माघ १ गते जन्मेका गुरुङको गीतसंगितको क्षेत्रमा लाग्दालाग्दै मिति २०५१ साउन २२ गते काठमाण्डौमा सवारी दुर्घटनामा परी निधन भएको थियो।

१० वर्षको उमेरबाट घर छाडी सांगीतिक यात्रामा निस्केका गुरुङले डाँफे कला मन्दिरमा नृत्य साथै गायन सिकेका थिए । तत्कालिन गण्डकी अञ्चल स्तरीय गायन प्रतियोगितामा प्रथम हुन सफल गुरुङले पाण्डव सुनारसँग सम्पर्क पश्चात राष्ट्रिय नाचघर काठमाडौमा काम पनि गरेका थिए। स्वः गुरुङका यो दाजुको मिरमिरे आँखा, सालैजो हितैको माया, फूल मायामा नभुल, माथीबाट को आयो सालको पात बजाउँदै लगायतका गीतहरु प्रचलित छन्।

# अधिकार ...

कानूनी जटिलता अन्त्य गर्न स्थानीय तहबाट प्रभावकारी संयन्त्र गठन गर्न सुझावसमेत दिइन। नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखेले पीडित न्याय खोज्न जाँदा मध्यस्तकर्ता हाबी हुने गरेको औँल्याउँदै सहज तरिकाबाट न्याय पाउनबाट बञ्चित भएको बताए । उनले न्यायालयमा राजनीतिक भागबण्डाबाट न्यायाधिश सिफारिस हुन नहुनेमा जोड दिए । अधिवक्ता भुवन पराजुलीले कानूनको अज्ञानताले पनि न्यायमा पहुँच हुन नसकेको जनाउँदै प्रत्येक वडामा एक/एक जना वकिल राखेर कानूनी सेवा प्रदान गर्नुपर्ने सुझाव दिए । महानगर बालमञ्च पोखराका उपाध्यक्ष सुवास अधिकारीले देशको आधार स्तम्भमा रहेका बालबालिकाको सुरक्षा र अधिकारको अवस्थामा सरोकारवाला निकायले ध्यान दिन नसकेको साथै नागरिकतालगायतका समस्याले बालबालिकाले पढ्न नपाएको विषय उठान गरेका थिए। उठेका जिज्ञासालाई न्यायाधिश मल्लले न्याय दिनका लागि अदालत एक्लैले मात्र नसक्ने उल्लेख गर्दै प्रहरी, सरकारी वकिललगायतको पनि उत्तिकै जिम्मेवारी हुने बताइन। उनले अधिकार खोजेर न्यायालय आउनेले जसरी पनि न्याय पाउने जनाउँदै आफ्नो अधिकार खोज्न पनि आग्रह गरिन। पछिल्लो समयमा नागरिकका सबै अधिकारलाई कानूनमा उल्लेख गरिएको अवस्थामा अहिले न्यायको उपलब्धता आम नागरिक र विशेष गरी सिमान्तकृत वर्गसम्म कस्तो छ भन्ने खोजीलाई प्राथमिकता दिइएको उनको भनाइ थियो।

आवधिक निरीक्षणका क्रममा पोखरा आएको जनाउँदै उनले मानवीय स्रोतसाधन, दक्षता, भौतिक संरचना अवस्थाका बारेमा जानकारी लिएको बताइन । उनले कानूनी सचेतनामार्फत अधिकारको खोजी गर्न र देखिएका कठिनाइ र जटिलताका बारेमा आफ्नो जिम्मेवारीमा रहेर सम्बोधन गर्न प्रतिबद्धता पनि व्यक्त गरिन । “राज्यविहीनता नहोस् भन्ने विषयमा अहिलेको संविधान कानूनले बाबुआमाको पहिचान नभएका अनाथ बालबालिकाको पहिचानको संरक्षण गर्नुपर्छ भन्दै वंशजकै नागरिकता दिनुपर्छ भनेको छ”, मल्लले भनिन, “२०७७ साल श्रावण चैत ४ गतेसम्मका ४५ रिटमा १० वटा बच्चासँग सम्बन्धित रहेछन् ।” उनले सञ्चारलाई प्रेस स्वतन्त्रता छ र प्रेस स्वतन्त्रतको पनि सीमा संविधानले तोकेको उल्लेख गर्दै न्यायालयलाई भीडबाट प्रभावित हुने अवस्थाको चित्रण गरेर आम मानिसमा भ्रम सिर्जना गर्न नहुनेमा जोड दिइन। उच्च अदालतका मुख्य न्यायाधीश रमेश पोखरेलले न्याय कहिल्यै खरीद बिक्री नहुने जनाउँदै न्यायालयले सबैका लागि सहज, सरल र समान रुपमा न्याय दिन प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा आमा मिलन केन्द्रका इन्दिरा पौडेल, नागरिक समाजका विष्णु बराल, पत्रकार पुण्य पौडेल, भरत कोइराला, अधिकारकर्मी, टङ्क खनाल, भगवती कँडेल, गणेश बराइली, मोहप्रसाद अधिकारीलगायतले सीमान्तकृतको न्यायको पहुँचमा देखिएका जटिलताका विषयमा आआफ्नो क्षेत्रका समस्या र सुझाव राखेका थिए।

# सत्रबुँदे ...

पुनः एकीकरणको सम्भावनाबारे छलफल गर्न निर्वाचन आयोगले दिएको १५ दिनको समयको उपयोग गर्दै पार्टीको स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटीका बैठक बोलाइ छलफल गर्नुपर्ने मागसमेत भेलाले गरेको छ।

राष्ट्रिय स्वाधीनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, समाजवादउन्मुख शासन प्रणालीको विकास गर्दै सामाजिक रुपान्तरण, सामाजिक न्याय तथा समृद्धिका लागि एकता र सहकार्यको मार्गमा अग्रसर हुन भेलाले सम्पूर्ण कम्युनिष्ट पार्टी र समूहलाई आह्वान गरेको छ। त्यस्तै भेलाले कोरोनाको महामारीबाट जनतालाई जोगाउनका लागि भरपर्दो खोपको व्यवस्था गर्न माग गरेको छ।

# पोखरामा ...

पोखरामा डिडिसिको उत्पादनत बिक्रि हुन सुरु भएसंगै डिडिसिको उत्पादन देशका ७ प्रदेशमा बिक्रि वितरण हुने गरेको उनले बताए । गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा डिडिसिले दुध संकलन र संकलित दुधबाट विभिन्न दुध जन्य खाद्य बस्तु निर्माण गरी बजारमा बिक्रि वितरण गर्दै आएको उनले जनाए । पोखरामा भने डिडिसिको उत्पादन अन्य प्रदेशबाट उत्पादन भएका बस्तुहरु मात्र हाल बिक्रि वितरण गरिने भएको प्रमुख पौडेलले बताए । उनका अनुसार यदि स्थानियको माग भएमा डिडिसिले दुध संकलन र पोखरामा उद्योग स्थापना समेत गर्न सक्ने छ । डिडिसिले पोखरा शाखाबाट बालबालिका देखि बृद्धहरुसम्मको लागि फ्रेस मिल्क(वोतलमा) उपलब्ध गराएको छ । हाल भारतको अमुल नामक फ्रेस दुधले पोखराको बजारमा समेत खपत हुने गरेको छ । विदेशी उत्पादन भन्दा स्वदेशी उत्पादनलाई प्रबर्द्धन गर्न पनि आफुहरुले पोखरामा फ्रेस दुध वोतलमा नै उपलब्ध गराएको प्रमुख पौडेलले जनाए।

विदेशबाट आयात हुने गरेका हल्का पिय पदार्थ कोक, स्प्राइट लगायतका बस्तुको स्थानमा अब तीन महिना म्यान भएको डिडिसिको फ्रेस दुध नै बिक्रि वितरण गर्नु पर्ने पौडेलको भनाई छ। डिडिसिको पोखरा शाखामा फ्रेस मिल्कको साथमा ध्यू, चीज, लसी, पेडा, लालमोह, पनिर लगायतका दुध जन्य खाद्य बस्तुहरु उपलब्ध गराएको उनले जनाए। उनले भने “ पोखरामा डिडिसि आउदैमा कोही कसैलाई घाटा हुदैन, हामीले नेपाल सरकारले तोकेको मुल्य र गुणस्तरमा कुनै कन्जुस्याइ गर्दैनौं, हामीले आम उपभोत्ताको हितमा सधै लाग्ने छौं।”





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# विभाजनका लागि आधार बनाउदै

नेपाल कम्युनिस्ट पार्टी एमालेको झलनाथ - माधवकुमार नेपाल पक्षले पुराना कमिटी ब्यूँताएर समानान्तर गतिविधि चलाउने भएको छानेकपा भङ्ग भएको हुँदा एमाले र माओवादी बनेकोप्रति असन्तुष्ट खनाल - नेपाल समुहले दुई दिने राष्ट्रिय कार्यकर्ता भेला गरेर गुटबन्दी तल्लो तहमा लैजाने भएको छ। पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फैलाइएका प्रचारले पार्टी एकताबद्ध हुन सक्दैन भन्ने देखाएको छ। तीन बर्ष अघिको अवस्थामा पुगेर राजनीतिक पार्टीले स्वस्थ गतिविधि चलाउन सक्दैन। एकताको बेला ठप्प भएको एमाले पङ्क्ति दुई पार्टी छुट्टाछुट्टै हुँदा कार्यकर्ता खुशी देखिनु अब मिलेर जाने अवस्था नरहेको संकेत हो । अहि पनि पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले पास गरेको कार्यक्रम, जनताको बहुदलीय जनवाद (जबज)को मर्म र भावनलाई रक्षा गर्दै समाजवादको दिशामा अगाडि बढ्ने कार्यादिशालाई पुनः पुष्टि गरेको छ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले सही ढंगले महाधिवेशनले पारित गरेको कार्यदिशालाई पक्रिन नसकेको आरोप लाग्ने छ। तीनवटा बजेटसहितको नीति तथा कार्यक्रमले पार्टीको घोषणापत्र र नीतिअनुसार राम्रोसँगले काम गर्न सकेन। त्यसलाई समाएर कार्यान्वयनमा अगाडि बढ्ने भेलाको निष्कर्ष निकालेको छ। सर्वोच्च अदालतको फागुन २३ गतेको फैसलाअनुसार नेकपा माओवादी केन्द्रसँगको एकता भङ्ग भएपछि नेकपा एमाले पुरानो अवस्थामा फर्केको छ। पार्टीको सबै कमिटी, जनसंगठन, पेशागत संगठन, केन्द्रीय विभाग, सम्पर्क मञ्च आदि २०७५ जेठ २ को अवस्थामा पुगेको र त्यतिबेलाको कमिटीलाई सक्रिय बनाउने माग गर्न स्वभाविक मानिएला तर अध्यक्ष ओलीबाट षड्यन्त हुनसक्छ भन्दै अफवाह फैलाएर अर्को कुनै पनि कमिटीलाई नस्वीकार्ने कुरा विभाजनको आधार खोज्नु हो।

२०७५ जेठ २ को कमिटीहरूलाई सक्रिय गर्दै जनताको बहुदलीय जनवाद (जबज)लाई कार्यान्वयन गर्दै पार्टीको सबै तहको कमिटीमा बैठक, भेला र प्रशिक्षण सञ्चालन गर्ने कुरा विभाजन तलै सम्म पुऱ्याउने खेल हो। जनसंगठनहरूको पनि राष्ट्रिय, प्रदेश, जिल्ला र वडा तहको कमिटीसम्म भेलाहरू आयोजना गर्छौं। २-३ महिनामा व्यापक रूपमा पुनःसंगठनको अभियान सुरु गरेर। त्यसका लागि २०७५ जेठ २ को कमिटीलाई आधार मानेर अगाडि बढ्ने कुरा बनावटी हो। दुई-दिने गुटको भेला पार्टी एकताको पक्षमा भएको भनेर प्रचार गरेका प्रचार विभाग प्रमुख भट्टराईले पार्टी विभाजन गर्न पार्टी अध्यक्ष ओली लागेको आरोप लगाएका छन्।जे भन्ने त्यो नगर्ने, जे गर्दैछन् त्यो भन्दैछन।

पार्टीका नेताहरू (माधवकुमार नेपाल र झलनाथ खनाल)सँग संवाद नगर्ने अध्यक्ष ओलीले भनेको र उक्त कुरा निरंकुश सँगै एकलकाँटे भएको बताउँदै पार्टी विभाजनका लागि अध्यक्ष ओली उद्यत रहेको आरोप लगाएका हुन्। तर आफूहरू पार्टी विभाजनविरुद्ध अन्तिमसम्म रहने कुरा देखाउनका लागि हो। चैत ७ गतेको गतेको केन्द्रीय कमिटीको बैठकमा नजाने बताएका छन्। बाटा बाटामा थपिएको केन्द्रीय कमिटीको बैठकमा नजाने र जुन बैठक विधानसम्मत् नहुने, अवैधानिक कमिटीको बैठकमा जान जरुरी नभएको र २०७५ जेठ २ को कमिटीको बैठकमा भने जाने कुरा अत्तो थापेको हो। केन्द्रीय कमिटी बैठकमा नजाने भनेपनि उपयुक्त समयमा बोलाइने पार्टी संसदीय दलको बैठकमा भने जाने असन्तुष्ट समुहको निर्णय हो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# जीवजन्तुलाई पोखरी : मानिसलाई चौतारी

– कृष्ण न्यौपाने
दमौली, ५ चैत (रासस)

तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ ले वडाभित्र पोखरी र चौतारी निर्माण गर्ने अभियानलाई तीव्रता दिएको छ । वडा कार्यालयले विभिन्न ठाउँमा पोखरी र चौतारी निर्माणलाई अगाडि बढाएको हो।

घरेलु तथा वनजङ्गलमा हुने जीवजन्तुलाई पानी खुवाउने उद्देश्यसहित वडाका चार सामुदायिक वन र एक गाउँमा पोखरी निर्माण गरिएको वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार प्रगतिशील सामुदायिक वनमा दुई, चन्द्रामुखी सामुदायिक वनमा दुई, बराहडाँडा सामुदायिक वनमा दुई, पुजकोट सामुदायिक वनमा एक र घरेडीगाउँमा एउटा पोखरी निर्माण गरिएको छ। प्रतिपोखरी निर्माणका लागि वडा कार्यालयले रु एक लाख बजेट विनियोजन गरेको थियो।

जङ्गलमा पानीको स्रोत मासिदै गएपछि पानी खोज्दै जङ्गली जनावर बस्तीमा आउनसक्ने भएकाले वडा कार्यालयले सामुदायिक वनमा पोखरी निर्माण गरेको गुरुङले बताउनुभयो । गाउँ नजिक बनाइएको पोखरी घरेलु जनावरलाई पनि उपयोगी हुने उहाँले बताउनुभयो । "सामुदायिक वनमा पानीको स्रोत नहुँदा वन्यजन्तुलाई पानीको समस्या भइरहेको छ, पानीको स्रोत मासिएपछि जङ्गली जनावर बस्तीमा आउन सक्छन्", वडाध्यक्ष गुरुङले भन्नुभयो, "जङ्गलमै पोखरी बनाइदिएपछि वन्यजन्तु बस्तीसम्म आउन सक्दैनन् ।" उक्त वडामा पनि बेला-बेलामा चितुवाले घरपालुवा जनावरलाई आक्रमण गर्ने गरेको छ। हालसम्म सात बाख्रा चितुवाले आक्रमण गरेको छ। "अहिलेसम्म मानिसमाथि नै आक्रमण भएको त छैन, पानी खोज्दै बस्तीमा आउने चितुवाले घरमा पालेका बाख्रालाई आक्रमण गर्ने गरेको छ", गुरुङले भन्नुभयो। यसैगरी वडा कार्यालयले एघार चौतारी निर्माण गरेको छ। प्रत्येक चौतारी निर्माणका लागि वडा कार्यालयले रु ५० हजार बजेट विनियोजन गरेको थियो। वडाध्यक्ष गुरुङका अनुसार प्युरीदोभान टोलमा तीन, जसपुरमा दुई, बाबियाडाँडामा दुई, घरेडीगाउँमा एक, बराहडाँडामा एक, भोर्लेमा एक, रातमाटामा एक चौतारी निर्माण भएको छ । "बाटो निर्माण गर्दा कतिपय चौतारी नाश भए, त्यस्ता चौतारीलाई संरक्षण गर्न पुनःनिर्माण गरेका छौं", उहाँले भन्नुभयो, "कतिपय ठाउँमा मान्छे हिँड्ने बाटो पहिला फेरिएको छ, मोटरबाटो पुगेपछि हिँड्ने बाटो फरक भएको हो । पैदलयात्रामार्फत हिँड्ने सर्वसाधारणलाई थकाइ मार्नका लागि चौतारी बनाएका छौं ।" वडा कार्यालयले खानेपानी मुहान संरक्षण कार्यक्रममार्फत तीन मुहानको संरक्षण गर्ने काम गरेको छ। बाबियाँडाँडा, लामागाउँ र पौवा खानेपानीको मुहान संरक्षणका लागि बाढी पस्न नदिने, इन टेक बनाउने र मुहान वरपर तारबार लगाउने काम गरिएको छ । खानेपानी मुहान संरक्षण कार्यक्रमका लागि वडा कार्यालयले प्रतिमुहान रु ५० हजारका दरले बजेट विनियोजन गरेको छ। त्यस्तै भू-संरक्षण तथा जलाधार कार्यक्रममार्फत रु एक लाख ५० हजारको बजेटमा लीलाचोकको गौरीमूल र धानीकुवा खानेपानीको मुहान संरक्षण गरिएको छ । जिल्लाका विभिन्न स्थानीय तहले पनि पोखरी र चौतारी निर्माण गर्ने अभियान चलाएका छन् । आँबुखैरेनी गाउँपालिकाले 'एक वडा : एक पोखरी' र 'एक वडा : एक चौतारी'को अभियान शुरु गरेको छ । पर्यावरण प्रवर्द्धन गर्ने उद्देश्यसहित गाउँपालिकाले प्रत्येक वडामा पोखरी र चौतारी निर्माण गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षभित्र छवटै वडामा पोखरी र चौतारी निर्माण गरिनेछ।

बन्दीपुर गाउँपालिका-५ ले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत वडाभित्रका पाँचवटा सामुदायिक वनमा पोखरी निर्माण गरेको छ। वडाध्यक्ष ध्रुवप्रसाद लामिछानेले रातमाटा थाकलडाँडा सामुदायिक वन, याम्पा सामुदायिक वन, बाहुनभञ्ज्याङ सामुदायिक वन, झारगाउँ सामुदायिक वनमा पनि पोखरी निर्माण गरिएको जानकारी दिनुभयो । स्थानीय तहले आफ्नै सक्रियतामा सामुदायिक वनमा पोखरी निर्माण गरिनु सकारात्मक रहेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो।

जङ्गलमा पानीको स्रोत मासिँदै गएपछि वन्यजन्तु पानी खोज्दै मानव बस्तीमा आउने भएकाले प्रत्येक सामुदायिक वनमा पोखरी बनाउन आग्रह गरिएको उहाँले बताउनुभयो। "कार्यालयले पनि सामुदायिक वनमा पोखरी बनाउन अनुदान दिएको छ, आर्थिक स्रोत सवल भएका वनले आफैं पनि पोखरी बनाएका छन्", उहाँले भन्नुभयो । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पनि सामुदायिक वनमा पोखरी अपरिहार्य रहेको उहाँको भनाइ छ।

# दमौलीमा उद्यान र मञ्च निर्माण गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ५ चैत

व्यास नगरपालिकाले दमौली अस्पताल अगाडि रहेको जिल्ला समन्वय समितिको जग्गामा उद्यान र मञ्च निर्माण गर्न शुरुआत गरेको छ । खेलप्रेमीले उक्त मैदानलाई खेल मैदानका रूपमा प्रयोग गर्दै आएका थिए। बुधबार निर्माण शुरु गरेसँगै सामाजिक सञ्जालमा निर्माण रोकेर खुला चौर नै राख्नुपर्छ जनाउँदै नगरवासीले विरोध जनाएका छन् ।

तत्कालीन जिल्ला समन्वय अधिकारी बद्रीनाथ तिवारीको संयोजकत्वमा बसेको सर्बदलीय बैठकले निर्णय गरिसकेकाले यसलाई कार्यान्वयन गर्न लागिएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । "कूल जग्गाको ६० प्रतिशत मञ्च र चालीस प्रतिशत उद्यान निर्माण गर्न लागेका हौं", उहाँले भन्नुभयो, "धेरै सुझबुझ गरी नागरिक र नगरवासीको हकहितका लागि निर्माण गर्न लागिएको हो।" स्थायी मञ्च निर्माण गरी खुला राखिने हुँदा बिहान बेलुकाको समयमा वाकिङमा कुनै समस्या नहुने नगरप्रमुख न्यौपानेले बताउनुभयो। पहिलो चरणमा मञ्च निर्माणका लागि गत वर्ष नै रु ४५ लाख बजेट विनियोजन भइसकेको बताइएको छ । बिपी वनबाटिका अगाडि रहेको खुलाचौरलाई खेल मैदानका रूपमा व्यवस्था गर्न लागिएको उहाँले बताउनुभयो । उद्यानमा बालउद्यान, ज्येष्ठ नागरिक बस्नेस्थल, कफीसपलगायत संरचना निर्माण गरेर विकास र प्रवर्द्धन गर्ने गरी काम गर्न लागिएको हो। उद्यान र मञ्च छुट्याउन बीचमा करिब तीन फिट गाह्रो लगाएर मेकाफेरी जाली प्रयोग गरिने हुँदा मञ्चबाट पनि उद्यान सहजरूपमा देख्न सकिने नगरपालिकाका इञ्जिनीयर कमल शर्माले बताउनुभयो । हाल नर्सरी रहेको पर्खाल मर्मतसम्भार गरी जिल्ला समन्वय अगाडि रहेको फेविङ ब्लक बिच्छ्याउनेलगायतका काम गर्ने योजना छ। उद्यान निर्माणका लागि करिब रु तीन करोड बजेट रहेको बताइएको छ।

# १६ लाख ज्येष्ठ नागरिकले खोप लगाए

रासस
काठमाडौं, ५ चैत

कोरोना भाइरसविरुद्धको खोप दोस्रो चरणमा १६ लाख ७३ हजार २२७ व्यक्तिले लगाएका छन् । दोस्रो चरणको पहिलो प्राथमिकतामा व्यक्तिमध्ये ७३ प्रतिशतले खोप लगाएका छन्।

स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा झलक शर्मा गौतमले ६५ वर्षभन्दा माथिका १६ लाख ७३ हजार २२७ ज्येष्ठ नागरिकले खोप लगाएको जानकारी दिनुभयो। सरकारले गत फागुन २३ गतेदेखि यही चैत ३ गतेसम्म दोस्रो चरणको खोप अभियान सञ्चालन गरेको थियो । दोस्रो चरणको पहिलो प्राथमिकतामा परेका २२ लाख ज्येष्ठ नागरिकलाई खोप प्रदान गर्ने लक्ष्य राखिएको थियो।

उहाँले खोप अभावका कारणले खोप अभियानलाई अहिलेका लागि स्थगन गर्नुपरेको जानकारी दिनुभयो। "हामी निरन्तर खोप अभियान गर्ने तयारीमा रहेका थियौं", उहाँले भन्नुभयो, "तर खोप अभाव भएपछि अहिलेका लागि अभियान स्थगन गरेका छौं।"

विभागले ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई खोप प्रदान गरेपछि ५५ वर्ष भन्दामाथिका र दीर्घरोगीलाई खोप प्रदान गर्ने तयारी थालेको थियो। भारतस्थित सिरम इन्स्टिच्युट अफ इण्डियाबाट खरिद गरिएको १० लाख मात्रा खोप नआएपछि खोप अभियान स्थगन गरिएको हो।

अहिलेसम्म भारत सरकारबाट अनुदानमा १० लाख मात्रा र नेपाल सरकारले आफैं खरिद गरेको १० लाख मात्रा खोप ल्याई लगाइएको छ । यसअघि पहिलो चरणमा सञ्चालन भएको खोप अभियानमा चार लाख २९ लाखले खोप लगाएका थिए।

खोप शाखाका प्रमुख डा गौतमले सरकारसँग अझै सात लाख मात्रा खोप मौज्दात रहेको जानकारी दिनुभयो। उहाँका अनुसार मौज्दात खोप पहिलो चरणमा लगाएका व्यक्तिलाई दोस्रो मात्रा दिनका लागि राखिएको छ। दोस्रो मात्रा आगामी वैशाख ७ गतेदेखि ११ गतेसम्म सञ्चालन हुने छ।

# पहिरो पीडितलाई घर निर्माण गर्दै प्रवासी

पोखरापत्र संवाददाता
म्याग्दी, ५ चैत

गत असारमा गाउँमाथिबाट आएको भीषण पहिराले घर बगाएपछि बेघर भएका म्याग्दीका पहिरो पीडितका लागि म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) ले धमाधम आवास पुनःनिर्माण गरिरहेको छ।

वैदेशिक रोजगारीका लागि संसारका विभिन्न मुलुकमा गएका प्रवासी म्याग्देलीको साझा संस्था मोनाले जिल्लाका विभिन्न स्थानमा गरी ४० नयाँ घरको निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ। मोनाले रघुगङ्गा गाउँपालिकाको झीँबाट पुनःनिर्माणको कार्य अघि बढाएको थियो । अहिले रघुगङ्गासहित मङ्गला, मालिका, धवलागिरि र बेनी नगरपालिकाका पहिरो प्रभावितका लागि घर बनिसकेका र अन्नपूर्ण गाउँपालिकामा आगामी सातादेखि शुरु गरिने पहिरोपीडित पुनर्वास कार्यदल मोनाका सदस्य दलबहादुर शेरबुजाले जानकारी दिनुभयो।

उहाँका अनुसार मालिका गाउँपालिकामा १०, धवलागिरि गापामा १४, मङ्गला, अन्नपूर्ण, रघुगङ्गा र बेनी नगरपालिकामा चार/चार गरी ४० नयाँ घर निर्माण गरिँदै छ । ती सबै घर भूकम्प प्रतिरोधी छन् । भान्छा कोठासहित तीन कोठे घरको प्रतिघर रु पाँच लाख लागत रहेको सदस्य शेरबुजाले बताउनुभयो।

म्याग्दीका छवटै स्थानीय तहका ८१ बस्तीमा पहिराले २४७ घरमा क्षति पुऱ्याएको थियो। त्यसैगरी ८२१ घर स्थानान्तरणका लागि सिफारिस गरिएको थियो। निर्माण गर्नुपर्ने २४७ घरमध्ये ४० घर मोनाले निर्माण गरिरहेको छ भने बाँकी सरकारी निकायबाट निर्माण हुने चरणमा छन्।

पहिराका कारण भत्किएका, बगेका र पुरिएका घर निर्माणका लागि प्रतिघर रु पाँच लाख अनुदान उपलब्ध गराउने कार्यविधि स्वीकृत भए पनि सरकारबाट बजेट नआएकाले सरकारी निकायबाट निर्माण हुने घरको निर्माण कार्य शुरु हुन सकेको छैन। पहिराले घरबास गुमाएका अहिलेसम्म पनि त्रिपाल, सामुदायिक भवन, गाउँका खाली घर र आफन्तकामा आश्रय लिइरहेका छन्।

# तनहुँमा पाँच सय गणक, सय सुपरीवेक्षक परिचालन गरिने

पोखरापत्र संवाददाता
तनहुँ, ५ चैत

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क सङ्कलनका लागि तनहुँमा पाँचसय गणक र सय सुपरीवेक्षक परिचालन गरिने भएको छ । जिल्ला जनगणना कार्यालय तनहुँले आज पत्रकार सम्मेलन गरी सो कुराको जानकारी दिएको हो।

विसं २०७८ को जेठ र असार महीनामा हुने सो गणना नेपालको जनगणनाको इतिहासमा ११० वर्षमा गर्न लागिएको बाह्रौं शृङ्खला हो । जनगणना अधिकारी नन्दलाल सापकोटाले स्थानीय तहका जनशक्तिलाई प्राथमिकता दिएर गणक र सुपरीवेक्षकलाई करारमा राख्ने योजना रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "आगामी १० वर्षलाई नेतृत्व गर्ने भएकाले सही सूचना सङ्कलनमा जोड दिइएको छ ।" समावेशी सहभागिताका लागि महिला र पुरुष दुवैलाई स्थान दिइएको छ। महिलाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्ने छ।

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

# हार्दिक समवेदना



जन्मः १९८०/०५/१० गते

स्व. लक्ष्मीकुमारी मर्सानी

स्वर्गारोहणः २०७७/११/२३ गते

यस श्री भिमसेन गुठी साँघुमुख महेन्द्रपुल पोखराका सक्रिय सदस्य **लक्ष्मीकुमारी मर्सानी** को ९७ वर्षको उमेरमा दुखद् स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण गुठीयारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं । साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा श्री भिमसेन देवताले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मन्दिरको संरक्षक नायो ओम लाल बडगामी**
**यस श्री भजनकिंतन भिमसेन गुठीका भाइहरू**

कुलप्रसाद मर्सानी
लेखतमान लाभाजू
युवराज श्रेष्ठ
दिलिप कुमार श्रेष्ठ
निरन श्रेष्ठ
केदारनाथ कायस्थ
लक्ष्मी जोजिजू
हरिलक्ष्मी कायस्थ
मानकाजी माकाजू
विष्णुलाल जोजिजू

# लामो पुलको परिचय दिने अभियान

पोखरापत्र संवाददाता
बलेवा, ५ चैत

कालीगण्डकी नदीमाथि बनेको लामो पुल । सदरमुकाम बागलुङ बजार र पर्वतको सदरमुकाम कुश्मा बजारसँगा जोडिएको पाङ गाउँलाई जोडेकाले यो पुलको आफ्नै महत्व छ। 'सिङ्गल स्पान' प्रविधिमा ५६७ मिटर लामो बनेको संसारकै लामो पुलको भएको भन्दै 'गिनिज बुक अफ द वर्ड'मा दाबी प्रस्तुत गरेको बागलुङ नगरपालिकाले यो पुललाई आफ्नै परिचय दिने अभियान पनि शुरु गरेको छ।

पुलको बागलुङतर्फ नजिकै रहेको प्रसिद्ध बागलुङ कालिका भगवतीको मन्दिर, छेवैमा बन्दै गरेको बाङ्गेचौर रङ्गशाला, शालिग्राम बग्ने प्रसिद्ध कालीगण्डकीको महिमा र ज्योतिशहरूको गाउँ पाङलगायत महत्वपूर्ण क्षेत्रसँग जोडिएकाले यो पुलको विशेषता र महत्व निकै फराकिलो छ।

पुललाई लामो पुलको रुपममा मात्रै परिचित गराउनुभन्दा आफ्नै नाम दिएर पर्यटन प्रबर्द्धनमा योगदान दिन नगरपालिकाले प्रक्रिया थालेको हो। पुलको नामकरणका लागि पेश भएका नामबाट उत्कृष्ट नाम छनोटका लागि बागलुङ नगरपालिकाले छनोट समिति गठन गरेको छ । लामो झोलुङ्गे पुलको नामकरणका लागि नगरपालिकाले सार्वजनिक सूचना गरेको थियो । सूचनाका आधारमा प्राप्त भएका नाममध्येबाट आर्थिक सांकृतिक र अन्तर्राष्ट्रिय महत्व झल्कने हिसाबले उपयुक्त तीन नाम सिफारिस गर्न नगरले सिफारिस समिति बनाएको हो।

नामकरण गर्नेलाई रु २५ हजार पुरस्कार दिइने नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । सिफारिस समितिका संयोजकमा नगर उपप्रमुख सुरेन्द्र खड्का रहनुभएको छ। समितिको सदस्यमा सह-प्रध्यापक विष्णुप्रसाद मैत्रेय, देवबहादुर श्रेष्ठ, पत्रकार महासङ्घ बागलुङका अध्यक्ष दिल शिरीष, कुश्मा नगरपालिका-१ का अध्यक्ष देवेन्द्र सुवेदी र नगरका सूचना अधिकारी युक्तप्रसाद सुवेदी रहनुभएको छ। नगरले सार्वजनिक गरेको सूचनाका आधारमा अनलाइन र कार्यालयमार्फत दर्जनौं नाम प्राप्त भएका छन्।

ती नामबाट छनोट समितिले तीन नाम नगरपालिकालाई सिफारिस गर्ने छ। एउटा उत्कृष्ट नाम नगरपालिकाले छनोट गरेर पुलको नामाकरण गर्ने नगर प्रमुख जनकराज पौडेलले बताउनुभयो । पुलको नामकरण पश्चात् बागलुङको प्रचार र पर्यटनमा टेवा पुग्ने विश्वास नगरपालिकाले लिएको छ। पर्वतको पाङ र बागलुङ बजार ओहोरदोहोरमा सहजताका लागि बनाइएको पुल उद्घाटन पश्चात् आन्तरिक पर्यटकको रोजाइँमापर्ने गरेको छ । यो पुलमा दैनिक हजार बढी पर्यटक आउने गरेको नगरपालिकाको दाबी छ। पुलबाट देखिने हिम शृङ्खला, कालीगण्डकीको बहाव र हरियाली डाँडाकाँडाले शहरीया जनजीवनमा आत्तिएका आन्तरिक पर्यटकलाई भुलाउने गरेको छ।

# बाढी प्रकोपको व्यवस्थापन गर्न माग

मिना पौडेल
पोखरा, ५ चैत

बाढी नियन्त्रण तथा व्यवस्थापन समिति पोखरा महानगरपालिका-३२ ले वर्षात्को पानी, विजयपुर सिँचाइ आयोजना र गडुवा खोलाको पानी तथा बेगनाश ताल जल उपभोक्ता संस्थाको बिसिटु सिँचाइ आयोजनाबाट अनियन्त्रित भई आउने पानीका कारण सो वडाका विभिन्न क्षेत्रमा प्रभाव पार्ने गरेकाले त्यसको व्यवस्थापन गर्न माग गरेको छ।

समितिले आज कास्कीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै वर्षायाममा पानीका कारण वडा नं ३२ का सार्वजनिकस्थल, मठमन्दिर, राजमार्ग, अन्य बाटाघाटा, घरघडेरी, भवन डुबानमा पर्ने गरेकाले त्यसको व्यवस्थापन गर्न माग गरेको हो । प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमलाई ज्ञापनपत्र बुझाउँदै समितिका अध्यक्ष शिवजी लामिछानेले वर्षायामको बाढीका कारण यस क्षेत्रका सर्वसाधारण वर्षेनी समस्यामा परिरहेका जनाउँदै त्यसका लागि आवश्यक पहल गरिदिन आग्रह गर्नुभयो । समितिका तर्फबाट विभिन्न छ बुँदे सुझावसहित प्रस्तुत ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले यसको नियन्त्रणका लागि आवश्यक पहल गर्ने विश्वास व्यक्त गर्नुभयो। समितिले आजै जिल्ला प्रहरी कार्यालय कास्की, डाँडाको नाक इलाका प्रहरी कार्यालय, सडक डिभिजन कार्यालय, विजयपुर सिँचाइ आयोजना कार्यालय र बेगनाश सिँचाइ आयोजना कार्यालयमा पनि ज्ञापनपत्र बुझाएको अध्यक्ष लामिछानेले जानकारी दिनुभयो।

# जीर्ण दरबार पुनःनिर्माण गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ५ चैत

सेनवंशी राजाले शासन गरेको व्यास नगरपालिका-११ तनहुँसुरस्थित ऐतिहासिक 'तनहुँसुर दरबार'को पुनःनिर्माण थालिएको छ। पुरातत्व विभागले दरबारको उत्खनन गरेर पुनःनिर्माण थालेको हो।

राजदरबारको पुनःनिर्माणपछि पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । रु ७० लाख लागतमा दरबार पुनःनिर्माण भइरहेको नगरपालिकाका शाखा अधिकृत मेघनाथ आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त दरबार जीर्ण अवस्थामा पुगेकाले पुनःनिर्माण गरेर संरक्षण गर्न लागिएको हो । तनहुँसुरबाट अपभ्रंश भएर दरबारको नामाकरण भएको भन्ने किंवदन्ती रहिआएको पाइन्छ । तत्कालीन पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनीपछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको किंवदन्ती छ । तनहुँसुरको सेनवंशी राजाको दरबार खड्कमाई मन्दिर, सेनवंशी राजाको समयमा न्याय निसाफ गर्न प्रयोग गर्ने गद्दीचौतारालगायतको संरक्षण गरिने नगरपालिकाले जनाएको छ।

खड्कमाई मन्दिर संरक्षण समितिका अध्यक्ष वीरबहादुर थापा दरबार तथा खड्कमाई मन्दिरको पुनःनिर्माणका लागि पुरातत्व विभागले चासो दिई उत्खनन गरी पुनःनिर्माण अघि बढाएपछि स्थानीय बासिन्दा खुशी भएको बताउनुभयो। दरबारले थप आकर्षण गर्ने र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रचुर सम्भावना रहेको छ। विसं २०२५ सम्म भरिभराउ रहेको तनहुँसुर अहिले भने उजाडजस्तै बनेको छ। यहाँका नेवार समुदायको हटिया रित्तिएको छ। विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँलगायतका ठाउँमा बसाइँ सरेर गएका छन्। तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाँट, चुँदीफाँट, गोरखा तथा पर्यटकीय शहर पोखराको समेत अवलोकन गर्न सकिन्छ। विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा यस ठाउँका छ जनाले सहादत प्राप्त गरेका थिए।

# मूल बीउ वितरण

पोखरापत्र संवाददाता
दमौली, ५ चैत

बन्दीपुर गाउँपालिकाले बीउमा आत्मनिर्भर बनाउने उद्देश्यले मूल बीउ वितरण गरेको छ।

गाउँपालिकाले अरुण-२ उन्नत जातको १२० किलोग्राम मकैको बीउ मूल बीउका लागि वितरण गरेको हो। गाउँपालिकाभित्रका कृषक बीउका लागि अन्यत्र धाउनु नपर्ने गरी उन्नत बीउमा आत्मनिर्भर बनाउनका लागि मूल बीउ वितरण गरिएको बन्दीपुर गाउँपालिका कृषि शाखाका प्रमुख सुलभ अधिकारीले जानकारी दिनुभयो। बीज वृद्धिका लागि समूह र सहकारीको मागअनुरुप बीउ उपलब्ध गराइएको हो। उहाँले भन्नुभयो, "मूल बीउबाट उत्पादित बीउ अर्को वर्ष कृषकलाई पुनः वितरण गरिनेछ ।" नेपाल कृषि अनुसन्धान परिषद्बाट उत्पादन गरिएको उन्नत मकैको बीउ उत्पादन गरिएको सो पालिकाले जनाएको छ। कृषकले बीउ खोज्दै हिँड्नुपर्ने समस्यालाई अन्त्य गर्नका लागि पालिकाले यस किसिमको अभियान चालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो।

तरकारी खेतीका लागि ४७ घरधुरीका कृषकलाई टनेल निर्माणका लागि ९५ थान प्लाष्टिक वितरण गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । गाउँपालिकाको ६० प्रतिशत र कृषकको ४० प्रतिशत लगानीमा बीउ र टनेल वितरण गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाले धान, सुन्तला र मकै खेतीका लागि पकेट क्षेत्र बनाउनका लागि विभिन्न क्षेत्रलाई प्रस्तावित गरेको छ । धरमपानी क्षेत्रलाई सुन्तला, शेराटारलाई मकै र झप्रीलाई धानखेतीको पकेट क्षेत्र बनाउन प्रस्तावित गरेको हो। उक्त स्थानको छिट्टै अवलोकन तथा अनुसन्धान गरी पकेट क्षेत्र घोषणा गर्ने योजना गाउँपालिकाको रहेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः वि.स. १९८०/०५/१० गते
स्वर्गारोहणः वि.स. २०७७/११/२३ गते

स्व. लक्ष्मीकुमारी मर्सानी

यस समितिका आजीवन सदस्य, भैरव नृत्यकलाकारद्धय श्री हरि मर्सानीकी प्रातः स्मरणीय माता तथा सुमन मर्सानीकी ममतामयी श्रद्धेय हजुरआमा **लक्ष्मीकुमारी मर्सानी** को ९७ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

तिर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार

हार्दिक समवेदना



जन्मः १९९०/१२/०३ गते
स्वर्गारोहणः २०७७/११/२४ गते

स्व. दयाप्रसाद मर्सानी

यस श्री भिमसेन गुठी साँघुमुख महेन्द्रपुल पोखराका सक्रिय सदस्य **दयाप्रसाद मर्सानी** को ८७ वर्षको उमेरमा दुखद् स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण गुठीयारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं । साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा श्री भिमसेन देवताले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

मन्दिरको संरक्षक नायो ओम लाल बडगामी
यस श्री भजनर्कितन भिमसेन गुठीका भाइहरू

कुलप्रसाद मर्सानी
लेखतमान लाभाजू
युवराज श्रेष्ठ
दिलिप कुमार श्रेष्ठ
निरन श्रेष्ठ
केदारनाथ कायस्थ
लक्ष्मी जोजिजू
हरिलक्ष्मी कायस्थ
मानकाजी माकाजू
विष्णुलाल जोजिजू

हार्दिक समवेदना



जन्मः १९९०/१२/०३ गते
स्वर्गारोहणः २०७७/११/२४ गते

स्व. दयाप्रसाद मर्सानी

यस शुभकामना महिला बिकास केन्द्रको अति नै मिलनसार साथी शाल्वी बास्तोला मर्सानीको ससुरा बुबा **दयाप्रसाद मर्सानी** को ८७ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

सुमिता श्रेष्ठ
अध्यक्ष तथा
शुभकामना महिला बिकास केन्द्र परिवार

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः वि.स. १९७७
स्वर्गारोहणः वि.स. २०७७/११/२३ गते

स्वः गौरादेवी सिग्देल

यस सत्य सेवा आमा समुहका निर्वतमान सचिव सरस्वती बरालको ममतामयी आमा **गौरादेवी सिग्देल** को १०० वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएको छ। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका-१३ बाँझापाटन